कालिका नगरपालिका

## लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७

नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक सुरक्षित मातृत्व सम्बन्धि हक राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धन्तको आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभुति गरी महिला विरुद्धका सबै प्रकार का भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाइदण्डनिय बनाइ पिडितलाइ क्षतिपुर्ति दिलाउने र शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा विशेष अवसरद्धारा लैङ्गिक समानता कायम गर्ने व्यवस्था भए अनुरुप कालिका नगरपालिकाले महिलामाथि हुने सबै प्रकारका हिंसा विभेद, गलत अभ्यास आदिका विरुद्धमा कार्यक्रम संचालन गर्दै आइरहेको छ । हिंसाबाट पिडितलाइ तत्काल उद्धार गर्न, औषधि उपचार गर्न, कानुनि सहायता, मनोवैज्ञानिक उपचार लगायतका कार्य गर्न नेपाल सरकारबाट राजपत्रमा प्रकाशित लैङ्गिक हिंसा निवारण कोष (संचालन) (दोस्रो संशोधन) नियमावली २०७६ को भावना अनुरुप महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट सशर्त अनुदानमा प्राप्त रकम र स्थानिय तह लगायत अन्यत्रबाट प्राप्त रकम समेत लाइ लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडितलाइ तत्काल उद्धार र राहत तथा पुनस्थापना गर्ने,पीडित तथा प्रभावितलाइ रकम प्रदान गर्ने कार्यलाई सरल सहज एवं एकरुप बनाउने उदेश्यले कालिका नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कालिका नगरपालिकाले यो कार्यविधि तर्जुमा गरि लागु गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम लैङ्गिकहिंसा निवारण कोष संचालन कार्यविधि २०७७ रहेको छ ।

ख) यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।





अनुसुची
(दफा १० को उपदफा १ संग सम्बन्धित)

श्री अध्यक्ष ज्यु,
स्थानिय तत्काल उद्धार तथा राहत समिति
कालिका नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
रेडक्रसग्राम चितवन ।

**विषयः- सहयोग उपलब्ध गराइ पाउा ।**

म कालिका नगरपालिका....न. वडामा बस्ने वर्ष......को मिति...............मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक अवस्था ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा भएको कारणले मेरो मानसिक / शारिरीक/ सामाजिक अवस्था कमजोर भइ अशक्त अवस्थामा रहेको हुनाले मलाइ औषधी उपचार/कानुनी सहायता एवं परामर्श/ उद्धार/मनोविमर्श/स्वरोजगार /पुनस्थापना/अन्य......... कामको लागी सहयोगको आवश्यकता परेको हुदा स्थानिय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराइ दिनुहुन यो निवेदन पेश गरेको छु ।

निवेदक
दस्तखत:
नाम थर:
ठेगाना:
मिति

**आज्ञाले**
**गोपाल प्रसाद वगाले**
**प्रमुख प्रशासकीय अधिकृत**

**२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क) नगरपालिका भन्नाले कालिका नगरपालिका सम्झनुपर्छ ।

ख) मन्त्रालय भन्नाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ ।

ग) कोष भन्नाले नगरपालिकामा स्थापना गरिएको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ ।

घ) रकम भन्नाले कालिका नगरपालिकामा सशर्त अनुदान प्राप्त भएको रकम वा यसकार्यविधिकोदफा ३ अनुसार प्राप्त भइ लैङ्गिक हिंसा निवारण कोषमा जम्मा गरिएको रकम सम्झनुपर्छ ।

ङ) पीडित भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित सम्झनुपर्छ ।

च) तत्काल उद्धार तथा राहत समिति भन्नाले पीडितलाइ राहत तथा नगरपालिकामा गठित स्थानिय तत्काल उद्धार तथा राहत समितिलाइ सम्झनुपर्छ ।

छ) लैङ्गिक हिंसा भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुव्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्छ ।

**३. कोषको स्थापनाः**

१) लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिएको छ ।

२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछ ।

क) नगरसभाबाट विनियोनित रकम,

ख) नेपाल सरकारबाट प्राप्त रकम,

ग) विदेशी व्यक्ति,अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

घ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम

ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

३) उपदफा १ बमोजिमको रकम कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गरिने छ ।

४) कोषको खाता संचालन प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ





**११. कोष खाता खोल्नु पर्नेः**

१) लैगिक हिंसा निवारण कोषमा प्राप्त भएको रकम कालिका न.पा. को कोष खातामा जम्मा गर्नुपर्ने छ ।

२) उपदफा १ बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१२. कोषको लेखा र लेखापरिक्षणः**

१) कोषको आयव्यायको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

२) कोषको लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१३. आवर्ति (रिभल्भिङ)कोषः यो कोष आवर्ति (रिभल्भिङ) कोषको रुपमा रहनेछ ।**

**१४. प्रतिवेदन पेश गर्नेः**

१) स्थानिय तत्काल उद्धार तथा राहत समितिले प्रत्येक तीन महिनामा भए गरेका काम कारवाहिको प्रतिवेदन नगरपालिकामा पेश गर्ने तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

**१५. बैठक भत्ताः**

२) स्थानिय तत्काल राहत तथा उद्धार समितिका पदाधिकारीले सो समितिको बैठकमा भाग लिए वापत नगरपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन।

**१६. समन्वय गर्नेः**

३) स्थानिय तत्काल उद्धार तथा राहत समितिले मन्त्रालय, केन्द्रिय तथा प्रदेश तत्काल उद्धार तथा राहत समिति संग आवश्यक समन्वयमा काम गर्नेछ ।

न्द्रमा नगरपालिकाबाट हिंसा पीडितलाइ पुन स्थापना गराइएको भए र सो सेवा केन्द्रबाट माग भइ आएमा स्थानिय तत्काल उद्धार तथा राहत समितिले निर्णय गरे बमोजिमको रकम,

ज) संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको लागी अल्पकालिन सेवा केन्द्र संचालनको लागी माग भइ आएमा स्थानिय तत्काल उद्धार तथा राहत समितिले निर्णय गरे बमोजिमको रकम,

२) उपदफा १ बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा स्थानिय तत्काल उद्धार तथा राहत समितिले त्यस्तो पीडितलाइ तीन हजार रुपैयामा नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

**१०. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने:**

१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाइ नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

२) उपदफा १ बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाइ राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा स्थानिय तत्काल उद्धार तथा राहत समितिले दफा ८ को अधिनमा रहि पीडितलाइ राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ ।

३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि जलाइएको, एसिड प्रयोग गरी वा छर्की वा त्यस्तो पदार्थले पोलेको लगाएतका गम्भीर प्रकृतीका घटनाका पीडितलाइ उद्धार,औषधी उपचार, पुनस्थापना वा राहत लगायतको प्रयोजनका लागी तत्काल आर्थिक सहयोग प्रदान नगरे मा गम्भीर मानविय क्षती हुने देखिएमा र समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा संचालक समितिको अध्यक्षले आवश्यकता र औचित्यका आधारमा मनासिव रकम कोषबाट पीडितलाइ उपलब्ध गराउन सक्नेछ ।





४. **कोषमा रकम जम्मा गर्ने:** दफा ३ को उपदफा २ बमोजिमको रकम आवश्यकता अनुसार कोषमा जम्मा गर्नुपर्नेछ ।

५. कोषको उपयोग:

१) कोषको रकम देहायको कामको लागी उपलब्ध गराउन उपयोग गरिनेछ ।

क) पीडितलाइ तत्काल उद्धार गर्न ,

ख) पीडितलाइ औषधी उपचार गर्न,

ग) पीडितलाइ तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भइ अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

घ) संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको लागी अल्पकालिन सेवा केन्द्र संचालनको लागी रकम प्रदान गर्न,

ङ) प्रदेश, जिल्ला वा अन्य स्थानिय तहमा स्थापना भइ संचालनमा भैरहेका तथा मन्त्रालयले स्थानिय तहमा हस्तान्तरण गरेका अल्पकालिन सेवा केन्द्र संचालनको लागी रकम प्रदान गर्न,

च) पीडितलाइ कानुनी सहायता,मनोवैज्ञानिक उपचार तथा मनोविमर्श लगाएतका सेवा प्रदान गर्न,

छ) सीपमुलक तालिम प्राप्त पीडितलाइ स्वरोजगारका लागी व्यवसाय स्थापना खर्च रकम अनुदानका रुपमा प्रदान गर्न,

ज) हिंसापीडित र प्रभावित महिलाका लागी पुनस्थापना केन्द्र संचालन गर्न,

झ) पीडितलाइ पुनस्थापना गराउन,

ञ) लैंगिक हिंसा र यौनजन्य दुव्यवहारको कसुरबाट पीडितले प्रचलित कानुन बमोजिम कसुरबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्त कसुरदारको कुनै सम्पति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखाइ अदालतको आदेश बमोजिमको रकम पीडितलाइ क्षतिपुर्ति स्वरुप भराउन लेखी आएमा क्षतिपुर्ति दिन,

२) उपदफा १मा जुसनसुकै कुरा लेखिएको भएता पनि स्थानिय तत्काल राहत तथा उद्धार समितिले लैंगिक हिंसाबाट पीडित बालबालिका तथा किशोर

किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भइ लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाइ प्राथमिकता दिइ कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:**

१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

**७. स्थानिय तत्काल उद्धार तथा राहत समितिको गठन:**

१) पीडितलाइ तत्काल उद्धार,राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने कामको लागी स्थानिय तत्काल उद्धार तथा राहत समितिको गठन गरिने छ ।

२) स्थानिय तत्काल उद्धार तथा राहत समितिको गठन देहाय बमोजिम रहनेछ ।

| | |
|---|---|
| क) नगर उपप्रमुख | अध्यक्ष |
| ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ग) आर्थिक प्रशासन शाखा | सदस्य |
| घ) स्थानिय प्रहरी प्रमुख | सदस्य |
| ङ) स्थानिय गैरसरकारी संस्थाका प्रतिनिधि मध्ये समितिले मनोनित गरेको २ जना | सदस्य |
| च) महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

३) स्थानिय तत्काल उद्धार तथा राहत समितिको सचिवालय नगरपालिकामा रहनेछ ।

४) स्थानिय तत्काल उद्धार तथा राहत समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ।

**८. स्थानिय तत्काल उद्धार तथा राहत समितिको काम कर्तव्य र अधिकार:** स्थानिय तत्काल उद्धार तथा राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) पीडितलाइ राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने ।





ग) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

घ) लैंगिक हिंसा हुन नदिनको लागी स्थानिय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

९. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार:

१) यस कार्यविधि बमोजिम पीडितलाइ राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको रकम नबढ्ने गरी उपलब्ध गराइनेछ ।

क) पीडितलाइ तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भएमा सार्वजनिक सवारी साधन बाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीन सय रुपैया र बास बस्नु पर्ने भएमा सो बापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाचसय रुपैयाका दरले बढीमा पाच हजार रुपैया सम्म,

ख) पीडितलाइ अस्पताल भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउदाजादा सवारी साधन प्रयोग गर्नपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापत प्रतिदिन तिनसय रुपैया र अस्पतालमा बस्ने व्यवस्था नभइ बाहिर बस्नु पर्ने भएमा बढीमा पाच दिनको बास खर्च बापत प्रतिदिन पाच सय रुपैया र उपचार खर्च समेत गरी बढीमा छ हजार रुपैयामा नबढ्ने गरि लागेको यथार्थ खर्च,

ग) पीडित संग कुनै बालबच्चा भए बालबच्चाका लागि पीडित सरहको खाना खर्च रकम,

घ) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागी पाच हजार रुपैयामा नबढ्ने गरि लागेको यथार्थ खर्च,

ङ) पुनस्थापनाको लागी बढीमा पाच हजार रुपैयासम्म,

च) हिंसा पीडितले कुनै सीपमुलक तालिम प्राप्त गरी व्यवसाय संचालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा बढीमा प्रतिव्यक्ती तीस हजार रुपैया,

छ) प्रदेश, जिल्ला वा अन्य स्थानिय तहमा स्थापना भइ संचालन भैरहेका तथा मन्त्रालयले स्थानिय तहमा हस्तान्तरण गरेका अल्पकालिन सेवा के